# नेपाल सरकार
## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
### (विज्ञान तथा प्रविधि)
### सिंहदरबार, काठमाण्डौं

## विज्ञान र प्रविधिको क्षेत्रमा गठित राष्ट्रिय सल्लाहकार समितिहरुको लागि नेपाल सरकारले मनोनित गर्ने विज्ञ सदस्यहरु छनौट गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०१/०७

नेपाल सरकारबाट मिति २०७१/११/२४ मा विज्ञान, प्रविधि तथा आविष्कारको अनुसन्धान, बिकास तथा प्रवर्द्धन गर्दै सामाजिक, आर्थिक बिकासमा टेवा पुर्‍याई मुलुकमा समृद्धि हासिल गर्न विभिन्न विषयगत क्षेत्रका विज्ञहरु सम्मिलित जैविक प्रविधि, परमाणु विज्ञान प्रविधि, अन्तरिक्ष विज्ञान प्रविधि र सुक्ष्म विज्ञान प्रविधि सँग सम्बन्धित राष्ट्रिय सल्लाहकार समितिहरु गठन भई कार्यान्वयनमा रहेका छन् । उक्त सबै समितिमा नेपाल सरकारले मनोनित गरेका विज्ञ सदस्यहरुको पदावधि ३ वर्ष तोकिएकोमा मिति २०७४/११/२३ गते पदावधि समाप्त भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपसिलमा उल्लेखित मापदण्डभित्र पर्ने इच्छुक विज्ञहरुले आफ्नो बायोडाटा सहित यस मन्त्रालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मनोनित सदस्य हुन आवश्यक न्यूनतम मापदण्ड :**

१. नेपाल नागरिक भएको हुनुपर्ने ।
२. सम्बन्धित विषयमा पि.एच.डि.वा सो सरह शैक्षिक योग्यता भएको हुनुपर्ने ।
३. सम्बन्धित क्षेत्रमा न्यूनतम १० वर्षको कार्य अनुभव भएको हुनुपर्ने ।

**थप जानकारीको लागि**

**वेबसाइड: www.most.gov.np**

**सम्पर्क व्यक्ति :**

१. कल्पना श्रेष्ठ, सि.डि.के. (उप-सचिव), ९८४१५३८७८३
२. होम बहादुर वि.क., बरिष्ठ बाली संरक्षण अधिकृत (उप-सचिव), ९८४५०६९६७७